## मिति २०७०।२।१ मा मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिका निर्णयहरू–

१. भूमिसुधार तथा व्यवस्था मन्त्रालय - द द्वारिकाज हिमालयन सांग्रिला भिलेज रिसोर्ट प्रा.लि., धुलिखेललाई हदबन्दी भन्दा बढी जग्गा खरिद गर्न स्वीकृति दिने विषयमा देहायबमोजिम गर्ने-

(क) द द्वारिकाज हिमालयन सांग्रिला भिलेज रिसोर्ट प्रा.लि., धुलिखेलले खरिद गर्ने जग्गा जुन प्रयोजनका लागि खरिद गरेको हो सोबाहेक अन्य प्रयोजनका लागि उपयोग गर्न नपाउने ।

(ख) यसरी खरिद गरिएको जग्गा कुनै व्यक्ति, संस्था, बैंक वा वित्तीय संस्थामा बन्धक वा धितो राखी ऋण लिन वा वित्तीय कारोबार गर्न नपाइने ।

(ग) यसरी खरिद गरिएको जग्गा रिसोर्ट प्रा.लि. सञ्चालकका हकवाला वा नातेदार वा अन्य कुनै व्यक्ति वा संस्थालाई विक्री वितरण वा अंशबण्डा वा बकस वा यस्तै कुनैप्रकारले स्वामित्व वा हक हस्तान्तरण गर्न नपाइने ।

(घ) यसरी खरिद गरिएको जग्गामा तोकिएको व्यवसाय नगरी अन्य व्यवसाय गरेमा हदबन्दीभन्दा बढी जग्गा विना शर्त नेपाल सरकारको स्वामित्वमा ल्याउने ।

द्रष्टव्य — निर्णयसँग सम्बन्धित अन्य थप विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ।